## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/१६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु पोखरा महानगरपालिका कास्कीका तत्कालिन न्यायिक समिति सदस्य पोखरा महानगरपालिका वडा नं. ९ को वडा सदस्य **भावना श्रेष्ठ र** श्री सिद्ध स्वास्थ्य चौकी, रुपा गा.पा. वडा नं १ कास्कीका कार्यालय प्रमुख, जनश्वास्थ्य निरीक्षक **रविन कुमार श्रेष्ठ** मु.नं (०८२-CR-०००९) फैसला मिति २०८२।०९।३० | घुस/रिसवत लिने दिने कार्य गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **पोखरा महानगरपालिका कास्कीका तत्कालीन न्यायिक समिति सदस्य एवं पोखरा** महानगरपालिका **वडा नं ९ को वडा सदस्य प्रतिवादी भावना श्रेष्ठको हकमाः** प्रतिवादी भावना श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.२,००,०००।- (अक्षरेपी दुई लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी लिइसकेको घुस/रिसवत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३को उपदफा (१)(क) बमोजिम जफत हुन समेतको मागदावी लिइएको देखिन्छ।<br>• **प्रतिवादी रविन कुमार श्रेष्ठको हकमाः** प्रतिवादी रविन कुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम बिगो रु.२,००,०००।- (अक्षरेपी दुई लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी भावना श्रेष्ठको साथबाट रकम बरामद नभएको वा प्रतिवादी भावना श्रेष्ठले रविन कुमार श्रेष्ठसँग घुस रिसवत लिएको भन्ने कुरा स्पष्ट खुल्न नसकेको।<br>• गण्डकी छड्के मिडियाबाट पेश भएका अडियो भिडियो समेतका सामग्रीहरु प्रस्तुत उजुरी पर्नुपूर्व तथा विवादित बाटोका विषयमा न्यायिक समितिबाट निर्णय भइसके पश्चात तयार भएको देखिएको।<br>• | • प्रस्तुत मुद्दाका प्रतिवादी रविन कुमार श्रेष्ठले आफ्ना दाजुभाइको अंशबण्डा भएको जग्गामा बाटोका लागि विवाद भएको हुँदा उक्त निवेदक रविन कुमार श्रेष्ठको नाममा रहेको कि.नं. १७५० को जग्गामा कृषि कार्य गर्न जान आउनका लागि निजको दाजु नविन कुमार श्रेष्ठको कि.नं. ३५५७ को जग्गाबाट बाटो निकास सम्वन्धमा पोखरा महानगरपालिकाको न्यायिक समितिमा उजुरी दर्ता भएकोमा सो पोखरा महानगरपालिकाको न्यायिक समिति सदस्य प्रतिवादी भावना श्रेष्ठले उक्त विवादित जग्गामा बाटो निकासका लागि रविन कुमार श्रेष्ठको पक्षमा निर्णय/फैसला गर्ने गराउने भनी आफ्नो साथी नेलीका लामिछाने मार्फत रविन कुमार श्रेष्ठसँग रु.२,००,०००।- (अक्षरेपी दुई लाख) लिने दिने सम्वन्धमा कुराकानी भए अनुसार निज रविन कुमार श्रेष्ठले आफ्नो नाममा रहेको एनआईसी एसिया बैंक पोखरा शाखाको खाता नं. १६८७९७१४७८८३५२४०१ वाट भुक्तानी हुने गरि प्रतिवादी भावना श्रेष्ठको साथी नेलीका लामिछानेको नामवाट मिति २०७९।११।०३ मा एक लाख र मिति २०७९।११।०५ मा एक लाखको चेक निज नेलिका लामिछानेलाई दिई उक्त चेकहरु निज नेलिका लामिछानेले सटही गरि प्रतिवादी भावना श्रेष्ठलाई नगदमा भुक्तानी दिएको तथ्य मिशिल संलग्न अडियो भिडियो, फेसबुक म्यासेन्जरका स्क्रिनसट लगायतका प्रमाण कागजातबाट पुष्टि भएको देखिन्छ। उक्त घुस रकमको कारोबार भए पश्चात निज भावना श्रेष्ठ समेत रहेको न्यायिक समितिले मिति २०७९ चैत्र २० गते निज रविन कुमार श्रेष्ठको नाममा रहेको कि.नं. १७५० को जग्गामा कृषि कार्य गर्न जान आउनका लागि निजको दाजु नविन कुमार श्रेष्ठको कि.नं. ३५५७ को जग्गाबाट बाटो निकास पाउने ठहर निर्णय समेत भएको देखिदा निज प्रतिवादी भावना श्रेष्ठ उक्त घुस कारोवार गरि न्यायिक समितिलाई समेत प्रभावित बनाई निर्णय समेत भएको देखिदा सरकारी कामको सन्दर्भमा घुस कारोवार भएको तथ्य स्थापित भएको देखिदा देखिदै उक्त अडियो भिडियो रेकर्ड, फेसबुक म्यासेन्जरका स्क्रिनसटहरु समेतका डिजिटल प्रमाणहरुलाई ग्रहण नगरी निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।<br>• प्रतिवादी भावना श्रेष्ठलाई घुस रकम दिई न्यायिक समितिवाट आफ्नो पक्षमा निर्णय गराउने व्यक्ति प्रतिवादी **रविन कुमार श्रेष्ठले** अनुसन्धानको क्रममा बयान गर्दा न्यायिक समितिमा दर्ता गराएको बाटो निकासको निवेदनमा आफ्नो पक्षमा निर्णय गराउन न्यायिक समितिकी सदस्य भावना श्रेष्ठले निजको साथी तेस्रो व्यक्ति नेलिका लामिछाने मार्फत् रु.२,००,०००।— रकम माग गरेकीले निज नेलिका लामिछानेलाई मेरो नाउको एनआईसी एसिया बैंक पोखरा शाखाको खाता नं. १६८७९७१४७८८३५२४०१ बाट भुक्तानी हुने गरि मिति २०७९।११।०३ मा एक लाख र मिति २०७९।११।०५ मा एक लाखको चेक दिएको हो र पछि काम नभएपछि भावना श्रेष्ठबाट रु.१,२५,०००।—मात्र प्राप्त फिर्ता प्राप्त भएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। निजले अनुसन्धानको क्रममा पेश गरेको श्रव्य/दृष्य संवाद सहितको रेकर्डबाट समेत सो तथ्य पुष्टि भएको देखिदा प्रतिवादी भावना श्रेष्ठले कसूरमा इन्कारी भई गरेको बयान खण्डित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१)(क) बमोजिम रिसवत जफत हुन मागदावी लिइएको देखिन्छ।<br><br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु भावना श्रेष्ठ र रविन कुमार श्रेष्ठले आरोप दावीबाट सफाई पाउने ठहर भई फैसला भएको देखिन्छ। | | भएको देखिन्छ। प्रतिवादी भावना श्रेष्ठको साथी **शंकित नेलीका लामिछानेले** अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मिसिल संलग्न पेनड्राईभ भित्र Bawana and Nelika Phone फोल्डरमा भएको संवादको श्रव्य/दृष्य, Facebook Screenshoot फोल्डरमा भएको म्यासेन्जर संवाद त्यसमा भावना श्रेष्ठसँग संवाद गर्ने व्यक्ति म नै हो, म्यासेन्जरमा दिदी भनेर सम्बोधन गरिएको व्यक्ति भावना श्रेष्ठ हुन् भने रविन भन्ने व्यक्ति रविन कुमार श्रेष्ठ हुन्। पोखरा महानगरपालिका न्यायिक समिति सदस्य भावना श्रेष्ठसँग मेरो ०७२।०७३ साल देखिको चिनजान हो। मेरो नामको चेक रविन कुमार श्रेष्ठले जग्गामा बाटोको विवाद मिलाई रविन कुमार श्रेष्ठको पक्षमा फैसला गर्नको लागि काम गरिदिने भनेपछि रविन कुमार श्रेष्ठले मलाई दिएको घुस रिसवत वापतको रु.२,००,०००।—(अक्षेरुपी दुई लाख) एनआईसी एशिया बैंकको चेक साटेर मिति २०७९।११।१२ वा १३ गतेतिर ९ नम्बर वडा कार्यालयमा एक्लै गएर सचिवको कोठामा न्यायिक समिति सदस्य प्रतिवादी भावना श्रेष्ठलाई दिएको हो। भावना दिदीले ज्याकेटको खल्तीमा राखेर देउ भनेपछि मैले मेरो ज्याकेटमा पैसा राखेर दिदीलाई दिएको थिएँ। भावना दिदीले पैसा लिएर ज्याकेट सोफाको तल राखु भएको हो। न्यायिक समिति सदस्य भावना श्रेष्ठको घुस लेनदेनमा म **मिडिएटर बनेर गल्ती गरें** तर यस्ता भ्रष्टाचारका मुद्दाहरु बढ्न नदिन म सक्दो प्रयास गर्नेछु तथा अख्तियार कार्यालयलाई सहयोग गर्नेछु। न्यायिक समिति सदस्य भएको कारण आँफैले सिधा घुस रिसवत लिन नसकेर मलाई प्रयोग गर्नु भएको हो भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ भने निजले अदालतमा समेत सोही तथ्यलाई समर्थन गरी बकपत्र गरेको देखिदा उक्त नेलिका लामीछानेको बकपत्रलाई प्रमाणमा ग्रहण गरि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• अनुसन्धानको क्रममा प्राप्त Call Detail Record (CDR) विवरण अनुसार भावना श्रेष्ठले ९८४६०५८९२८ र ९८१६६१०४३१, रविन कुमार श्रेष्ठले ९८४६९९८७३५, नेलीका लामिछानेले ९८५६०१८०१९ नंम्बरका मोवाईलहरु प्रयोग गरी सामाजिक संञ्जाल फेसवुक मेसेन्जरको User ID बनाई सोही User ID बाट घुस लिनेदिने संवाद गर्ने गरेको देखिन्छ। सोही विवरणमा सन् १५/०१/२०२३ देखि सन् २१/०५/२०२४ (मिति २०७९ मंसिर देखि २०८० जेठसम्म) मितिसम्म भावना श्रेष्ठले नेलीका लामिछानेको मोवाईलमा **१२ पटक**, भावना श्रेष्ठले रविन कुमार श्रेष्ठको मोवाईलमा **१५ पटक**, रविन कुमार श्रेष्ठले नेलीका लामिछानेको मोवाईलमा **२२ पटक** र रविन कुमार श्रेष्ठले भावना श्रेष्ठको मोवाईलमा **१३ पटक** फोन सम्पर्क भए गरेको देखिन्छ। त्यस्तै **SANDISK UITRA 32GB** को पेनड्राइभमा रहेको श्रव्य दृष्यमा रविन कुमार श्रेष्ठ र अपिल त्रिपाठी बीच भएको घुस लेनदेनसँग सम्बन्धित श्रव्य/दृष्य भिडियो संवाद अभिलेख अनुसार न्यायिक समितिमा विचाराधीन मुद्दा मिलाउनको लागि भन्दै रविन कुमार श्रेष्ठले नेलीका लामिछाने मार्फत् **भावना श्रेष्ठलाई रु.२,००,०००।—** (अक्षरेपी दुई लाख) घुस दिएको आरोपित रविन कुमार श्रेष्ठले स्वीकार गरेको देखिन्छ । प्रस्तुत घुस\ रिसवत कारोवारको उजागर गर्ने **गण्डकी छड्के मिडिया प्रा.लि.का कार्यक्रम निर्माता/प्रस्तोता अपिल** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **त्रिपाठीले अनुसन्धानको क्रममा घटना विवरण कागज गर्दा** पोखरा महानगरपालिकाको न्यायिक समितिमा विचाराधीन रहेको मुद्दा मिलाउने भन्दै समिति सदस्य भावना श्रेष्ठ र रविन कुमार श्रेष्ठ बीच घुस रकम लेनदेन भएकोबारे सूचना प्राप्त भएको, साथै सूचना पुष्टि हुने गरी प्रमाणहरु समेत प्राप्त हुन आएपछि रिपोर्टिङ गरी समाचार बनाइएको हो। गण्डकी छड्केको एपिसोड नम्बर २४८ र २४९ मा प्रसारण गरिएका चेक, फेसबुक म्यासेन्जरको स्क्रिनसट र श्रव्य/दृष्य रेकर्ड नेलीका लामिछाने मार्फत् प्राप्त भएका हुन्। एपिसोड नम्बर २४८ मा घुस रकम दिएको आशय व्यक्त भएको रविन कुमार श्रेष्ठको भिडियो गण्डकी छड्केको कार्यालयमा रेकर्ड भएको हो। न्यायिक समितिमा विचाराधीन मुद्दा मिलाउनको लागि भन्दै रविन कुमार श्रेष्ठले नेलीका लामिछाने मार्फत् भावना श्रेष्ठलाई रु.२,००,०००।– (अक्षरेपी दुई लाख) घुस दिएको भन्ने समेत बेहोरा खुलाएको देखिन्छ भने सो घुस बार्गेनिङ भएको स्क्रिनसट्स र भ्वाइस रेकर्डहरु तथा श्रव्य/दृष्यमा रहेको रेकर्डको स्वर **नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट** वैज्ञानिक परीक्षण गर्दा यि प्रतिवादीहरुको स्वरसँग मेल खाएको भन्ने समेत बेहोराको प्रतिवेदन समेतवाट थप पुष्टि भई रहेको अवस्था देखिदा देखिदै उक्त प्रमाणलाई वेवास्ता गरी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण देखिँदा उक्त फैसला बदरभागी छ ।<br>• वादी नेपाल सरकारका साक्षी **अपिल त्रिपाठीले** अदालत समक्ष बकपत्र गर्दा अनुसन्धानको क्रममा भएको सोधपुछ कागज र सोमा भएको बेहोरा तथा सहीछाप मेरो नै हो, अडियो र स्क्रिटसटहरु नेलीका लामिछानेबाट प्राप्त भएको र भिडियोमा भएका अन्तर्वार्ताहरु प्रतिवादीहरुसँग म आफैले रेकर्ड गरेको हो भनी खुलाईदिएको देखिन्छ । त्यसै गरि वादी नेपाल सरकारका साक्षी **नेलीका लामिछानेले** अदालत समक्ष बकपत्र गर्दा अनुसन्धानका क्रममा गरिदिएको बयान कागज र सोमा भएको सहीछाप मेरो हो भनी मौकाको कागजलाई समर्थन गरी बेहोरा लेखाइदिएको देखिदा उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम स्विकार योग्य प्रमाणका रुपमा ग्रहण गर्नुपर्ने कानुनी व्यवस्थाका विपरीत सो प्रमाणलाई अनदेखा गरी प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा मिशिल संलग्न स्क्रिनसट्स र भ्वाइस रेकर्डहरु लगायतका श्रव्य/दृष्य प्रमाणहरु, बैंक स्टेटमेन्ट, चेक समेतका प्रमाणहरुवाट प्रतिवादी विरुद्धको कसूर पुष्टि भएको छ। यसै सन्दर्भमा श्याम अधिकारी वि. नेपाल सरकार भएको भ्रष्टाचार (घुस/रिसवत) मुद्दा (**ने.का.प. २०७६ मंसिर, अंक ८, नि.नं. १०३२३**) मा सम्मानित सर्वोच्च अदालतबाट "*विज्ञान र प्रविधिको सहायताले आफूसँग घुस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरूपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नु पर्ने*" भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा अडियो भिडियो र वार्तालापको स्क्रिप्ट राइटिङलाई प्रमाणमा ग्रहण गरी प्रतिवादीहरु आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुदाँ बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरुलाई आरोप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दावीबाट सफाई दिने गरी भएको विशेष अदालतवाट भएको फैसला बदर गरी निज प्रतिवादीहरु भावना श्रेष्ठ र रविन कुमार श्रेष्ठलाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालतमा समक्ष सादर अनुरोध छ। |